लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)

AN ISO 9001 CERTIFIED ORGANISATION
Certificate No. 42693

च.नं.: २०८०-४-१०-४५

मितिः २०८०/०४/१०

श्री नेपाल स्टक एक्सचेन्ज लि.,
सिहदरवार प्लाजा, काठमाडौं

विषयः **२० औं वार्षिक साधारण सभाको समय परिवर्तन सम्बन्धी जानकारी।**

महोदय,

उपर्युक्त सम्वन्धमा यस लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको २० औं वार्षिक साधारण सभा वि.स. २०८० साल श्रावण १७ गते बुधवार (तदअनुसार २ अगस्ट, २०२३) अपरान्ह ४ बजे बस्ने भनी यस अघि २०८० असार २६ गतेको नयाँ पत्रिका दैनिक र २०८० श्रावण ३ गतेको आर्थिक अभियान दैनिकमा सूचना प्रकाशित भएकोमा विशेष कारणले अपरान्ह ४ बजेको सट्टामा सोही दिन **अपरान्ह १२:१५** बजे बस्ने गरी निर्णय भएकोले सोही व्यहोराको सूचना मिति २०८० श्रावण १० गतेको नयाँ पत्रिका दैनिकमा सबैको जानकारीका लागि प्रकाशित गरिएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं।

धन्यवाद।

भवदीय,

सुदर्शन गिरी
(कम्पनी सचिव)

संलग्नः
मिति २०८० श्रावण १० गतेको नयाँ पत्रिका दैनिकमा प्रकाशित सूचना -पाना १

कर्पोरेट कार्यालयः पो.ब.नं.: २१९०५, चौथो तल्ला, स्टार मल, पुतलीसडक, काठमाडौं, नेपाल
फोनः ४०१२६१३, ४०१२६१४, फ्याक्सः ९७७-१-४०१२६१५, इ-मेलः liccorporate@licnepal.com.np
Corporate Office: P.B. No.: 21905, 4th Floor, Star Mall, Putalisadak, Kathmandu, Nepal
Phone: 4012613, 4012614, Fax: 977-1-4012615, E-mail: liccorporate@licnepal.com.np

# लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल (लि.) को

# २० औं वार्षिक साधारण सभाको समय परिवर्तन सम्बन्धी अत्यन्त जरुरी सूचना

**श्री शेयरधनी महानुभावहरु,**

यस लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको २० औं वार्षिक साधारण सभा वि.स. २०८० साल श्रावण १७ गते बुधवार (तदअनुसार २ अगस्ट, २०२३) अपरान्ह ४ बजे बस्ने भनी यस अघि २०८० असार २६ गतेको नयाँ पत्रिका दैनिक र २०८० श्रावण ३ गतेको आर्थिक अभियान दैनिकमा सूचना प्रकाशित भएकोमा विशेष कारणले अपरान्ह ४ बजेको सट्टामा सोही दिन अपरान्ह १२:१५ बजे बस्ने गरी निर्णय भएकोले शेयरधनी महानुभावहरूलाई अपरान्ह १२:१५ बजे सभामा उपस्थित भइ दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान**

**मिति** : २०८० साल श्रावण १७ गते बुधवार (तदअनुसार २ अगस्ट, २०२३)
**समय** : अपरान्ह १२:१५ बजेबाट शुरु ।
**रजिष्ट्रेशन** : बिहान ११:०० बजे बाट शुरु ।
**स्थान** : लिसारा रिसेप्सन (Lisara Receptions) भगवती बहाल नक्साल, काठमाडौं ।

**छलफलका विषयहरु:**

**(क) साधारण प्रस्तावहरु**

(१) अध्यक्षद्वारा संचालक समितिको वार्षिक प्रतिवेदन २०७७/०७८ प्रस्तुत गरी अनुमोदन गर्ने ।
(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तसम्मको वासलात र आ.व. २०७७/०७८ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरणमाथि छलफल गरी पारित गर्ने ।
(३) लेखा परिक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७८/०७९ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने । (कम्पनी ऐन, २०६३ को दफा १११ (३) बमोजिम बहालवाला लेखापरीक्षक श्री पिएल श्रेष्ठ एण्ड कम्पनी पुनः नियुक्त हुन योग्य हुनुहुन्छ)
(४) संस्थापक शेयरधनीको तर्फबाट नियुक्त सञ्चालकहरूको नियुक्तिलाई अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु**

(१) कम्पनीको हाल कायम पूँजी संरचनामा संस्थापक र साधारण शेयरको ७०: ३० अनुपातलाई परिवर्तन गरी ६५:३५ प्रतिशत कायम गर्न संस्थापक शेयरलाई साधारण शेयरमा परिणत गर्ने र सोही अनुसार प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन प्रस्ताव पारित गर्ने ।
(२) कम्पनीको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने सन्दर्भमा नियमनकारी निकायहरु (कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड, आदि) ले आवश्यक सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

**(ग) अध्यक्षको अनुमतिले अन्य कुनै विषयहरु ।**

**सञ्चालक समितिको निर्णयानुसार**
**कम्पनी सचिव**


लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)

AN ISO 9001 CERTIFIED ORGANISATION
Certificate No. 42693

**स्टार मल, चौथो तल्ला, पुतली सडक, काठमाडौं**
फो.नं.: ०१-४०१२६१३, फ्याक्स् नं.: ९७७-१-४०१२६१५, Email: liccorporate@licnepal.com.np